श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**

**<u>फैसला</u>**

सम्बत् २०७०/०७१ सालको स.वा.फौ.मि.नं.१९/६४ (**हातहतियार**)

<u>दर्ता मिति :– २०७०/०१/३१</u>

मुद्दा :– **<u>हातहतियार खरखजाना</u>** ।

<u>निर्णय नं.६३४ , मिति :– २०७१/०६/०६</u>

<u>वादी</u>

प्रहरी प्रतिवेदन जाहेरीले

**नेपाल सरकार**.......... .........१

निजको प्रमाण..................................

साक्षी ..............

कागज..........................................

<u>प्रतिवादी</u>

जिल्ला रामेछाप, बेथान गा.वि.स. वडा नं. ७ बस्ने मिलन ढुङ्गाको श्रीमती बर्ष ३० की सृर्जना घिमिरे ढुङ्गाना..................... .१

जिल्ला सिन्धुपाल्चोक, सिपापोखरे गा.वि.स.वडा नं.६ बस्ने वर्ष ५० को मिलन ढुङ्गाना.......................................................................१

निजको प्रमाण ..................................................................

साक्षी ............................................................................

कागज ...........................................................................

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण...........................................

साक्षीः-प्र.स.नि.वालकृष्ण सन्जेल र सुमित्रा घिमिरले गरेको वकपत्र

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

(१) का.जि.का.म.न.पा.वडा नं.३५ काँडाघारी स्थित पूर्वमा नेपाल यातायात बसपार्क जाने बाटो,पश्चिममा साइन बेकरी, उत्तरमा काँडाघारी गान्भी स्कूल र दक्षिणमा सुरेन्द्रको घर यति चार किल्ला भित्र पक्राउ पश्चात नाम थर खुल्न आएका सृर्जना घिमिरे (ढुङ्गाना)लाई शंकास्पद रुपमा फेला पारी स्थानीय मानिसहरु समेतको रोहवरमा कानून बमोजिम शरिर तलासी लिदा निजको शरिरमा लुकाई छिपाई राखेको होम मेड सिक्सर रिभल्वर थान १ फेला परेको हुदा रितपूर्वक वरामद गरी निजलाई समेत पक्राउ गरी कारवाहीका लागि पेश गरिएको भन्ने समेत व्यहोराको खानतलासी एवं वरामद मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

(२) सृर्जना घिमिरे (ढुङ्गाना)को साथबाट बरामद भएको रिभल्वर परीक्षणको लागि पठाइएको भन्ने व्यहोराको पत्र ।

(३) म सँग वरामद भएको भनिएको पेस्तोल केही महिना अगाडि मेरा पति मिलन ढुङ्गानाले साथी सुकमनी नाम गरेका व्यक्तिले ल्याई घरमा लुकाई छिपाई राखेका थिए, निज पनि महानगरीय प्रहरी परिसर,ललितपुरबाट करिव २ हप्ता अगाडि चोरी मुद्दामा पक्राउ परे पश्चात एक जना मेरा पति निज मिलन ढुङ्गानाको साथीभाई हुँ भनी वताउने व्यक्तिले मलाई फोन गरी मिलन दाइले रिभल्वर लुकाई राखेकोले उक्त रिभल्वर मलाई अन्यत्र ठाउमा लगी लुकाई छिपाई राखि दिनु घरैमा राख्दा प्रहरी समेतले थाहा पाउलान भनी भनेको हुदा सो रिभल्वर मलाई काँडाघारीसम्म ल्याई दिनु म अन्यत्र स्थानमा लगी राखी दिन्छु भनेको हुदा उक्त रिभल्वर मलाई साथमा लिई निज फोन गर्ने व्यक्तिलाई पुऱ्याउन लिई गएको अवस्थामा म काँडाघारी पुग्दा प्रहरीले मलाई नियन्त्रणमा

लिई उक्त हतियार समेत वरामद गरी ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी सृर्जना घिमिरे ढुङ्गानाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान बयान ।

(४) सिर्जना घिमिरे ढुङ्गानाको साथबाट वरामद भएको रिभल्वर निजको पति मिलन ढुङ्गानाले ल्याई घरमा राखेको भन्ने खुल्न आएको र निज हाल तँहा परिसरमा चोरी मुद्दामा अनुसन्धानको सिलसिलामा थुनामा रहेको भन्ने बुझिएको हुदा निजलाई वयान कार्य समेतको लागि उपस्थित गराउनु हुन म.न.प्र.परिसर ललितपुरलाई लेखेको पत्र ।

(५) यस कार्यालयबाट अनुसन्धान भई रहेको चोरी मुद्दामा थुनामा रहेका प्रतिवादी मिलन ढुङ्गानालाई तँहा कार्यालयाट अनुसन्धान भई रहेको हातहतियार मुद्दामा वयान समेतको कार्यको लागि उपस्थित गराउन यसैसाथ पठाइएको भन्ने समेत व्यहोराको म.न.प्र.परिसर ललितपुरको पत्र ।

(६) तत्काल मेरो वर्कसपमा काम गर्ने समिर महमद नाम गरेका व्यक्तिले मेरो श्रीमतीबाट वरामद भएको भनिएको रिभल्वर ल्याएका थिए र निज वैदेशिक रोजगारीको लागि विदेश जाने भएकोले निजले उक्त रिभल्वर मलाई छाडी गएका थिए । सो रिभल्वर मैले घरमा लगी राखेको थिए, सो कुरा मेरो श्रीमती तथा हाल फरार रहेका कपिल सुकमनीलाई समेत थाहा थियो । म म.न.प्र.परिसर ललितपुरबाट चोरी मुद्दामा पक्राउ परे पश्चात सो कुरा प्रहरी समेतले थाहा पाउलान भनी मैले सामान्य चिनेजानेका निखिल नाम गरेका व्यक्तिले मलाई भेटघाट गर्न आएका अवस्थामा मेरी श्रीमती सृर्जना घिमिरे (ढुङ्गाना)लाई सम्पर्क गरी घरमा लुकाइएको रिभल्वर अन्यत्र स्थानमा लगि लुकाउन भनी अह्राएका थिए । निजले श्रीमतीसँग सम्पर्क गरी उक्त रिभल्वर काँडाघारीसम्म ल्याई दिन भनेकाले श्रीमतीले निजलाई सो रिभल्वर पुऱ्याउन काँडाघारीसम्म पुग्दा प्रहरीले फेला पारी ल्याएका रहेछन् भन्ने समेत व्यहोराको प्रतिवादी मिलन ढुङ्गानाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

(७) प्रस्तुत मुद्दामा वयानका क्रममा खुल्न आएका भनिएका कपिल सुकमनि र समिर महमदलाई खोजतलास गर्दा फेला नपरेको भन्ने प्रहरी प्रतिवेदन ।

(८) संकलित कागज प्रमाणहरु, प्रतिवादीहरु सृर्जना घिमिरे (ढुङ्गाना) र मिलन ढुङ्गानाले गरेको वयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले अवैध हतियार रिभल्वर लुकाई छिपाई राखी ओसार/पसार गरेको पुष्टि भएकोले निज प्रतिवादीहरु सृर्जना घिमिरे (ढुङ्गाना) र मिलन ढुङ्गानालाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) ५(१) नं अनुसारको कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद अवैध हतियार रिभल्वर सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी सहितको अभियोग-पत्र मिति २०७०।१।३१ मा यस कार्यालयमा पेश भएको ।

(९) मिति २०७०।१।६ गते मैले नचिनेको निखिल नाम गरेको व्यक्ति मेरो कोठामा आई तपाईको श्रीमान् मिलन ढुङ्गाना ललितपुर प्रहरीको हिरासतमा छन् । उहाले मेरो कोठामा पेस्तोल छ,प्रहरीले छापा मार्छ त्यसैले मेरो कोठाबाट अन्यत्रै लगेर राख्नु भनी भनेकोमा मलाई थाहा छैन भन्दा निजले नै खोजतलास गरी सिँडीमुनी बाट फेला पारी आफैले बोकी, मलाई भाउजु चियापसलसम्म जाउ भनेकोले त्याहा पुग्नासाथ निजले वोकेको पेस्तोल सो ठाउमा रहेका सादा पोसाकका व्यक्तिलाई दिई, दिने क्रममा यो हतियार यसको हो भनी ती सादा पोसाकका प्रहरीलाई चिनाएको हो र मेरो साथबाट वरामद भएको होइन म गृहिणी तथा मजदुरी गरी खाने व्यक्ति भएकोले मलाई केही थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी सृर्जना घिमिरे (ढुङ्गाना)ले यस कार्यालयमा गरेको बयान ।

(१०) यसमा यस कार्यालयमा वयान गर्दा प्रतिवादी सृर्जना घिमिरे (ढुगांना)ले आफु विरुद्धको अभियोगमा इन्कार रही वरामद हतियार आफ्नो नभएको र आफुबाट समेत वरामद नभएको भनी वयान गरेता पनि प्रस्तुत मुद्दाको मिसिल संलग्न तत्काल प्राप्त कागज प्रमाणहरुको आधारमा अहिले नै निज कसुरदार होइनन् भन्न सक्ने अवस्था विद्यमान नहुदा पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई निज प्रतिवादी सृर्जना घिमिरे (ढुगांना)लाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २४ क बमोजिम थुनामा राखी प्रस्तुत मुद्दाको पूर्पक्ष गर्नू भन्ने समेतको यस कार्यालयबाट मिति २०७०।२।१ मा भएको थुनछेक आदेश ।

(११) केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशाला महाराजगंज काठमाण्डौको मिति २०७०।२।१२ को हतियार परीक्षण प्रतिवेदनमा The Artical N0 1 is a local made (home made ) revolver through which 0.32-inch caliber revolver cartridges can be fired. भन्ने व्यहोरा उल्लेख भई आएको ।

(१२) होममेड सिक्सर पेस्तोल मेरो पत्नी सृर्जना घिमिरे(ढुगांना)बाट वरामद भएको भन्ने झुट्ठा हो । म चोरी मुद्दामा थुनामै रहेको अवस्थामा निखिल नाम गरेको व्यक्ति मेरो डेरा कोठमा गई आफैले हतियार खोजतलास गरेको जस्तो वाहाना पारी भऱ्याङ मुनी हतियार फेला पारेको नाटक रची मेरो पत्नी सृर्जना घिमिरे(ढुगांना)बाट वरामद भएको भनी झुट्ठा वरामदी मुचुल्का तयार गरिएको हो । हतियार वारे मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्रतिवादी मिलन ढुगांनाले यस कार्यालयमा मिति २०७१।२।२७ मा गरेको वयान ।

(१३) यसमा प्रतिवादी मिलन ढुगांनाले वरामदी मुचुल्कामा उल्लेख भएको होममेड सिक्सर पेस्तोलको वारेमा मलाई केही थाहा नभएको र आफु निर्दोष भएको भनी वयान गरेको भएता पनि निजको श्रीमती सृर्जना घिमिरे (ढुगांना)को साथबाट उक्त हतियार वरामद भएको र अनुसन्धान अधिकृत समक्ष वयान गर्दा उक्त हतियार पति मिलन ढुगांनाले डेरा कोठामा ल्याई राखेको कुरा वताएकी र तत्काल मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी मिलन ढुगांनाले विना इजाजत उक्त पेस्तोल आफुसँग राखेका होइनन् भन्न सक्ने अवस्था नभएकोले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाललाई हातहतियार खरखजना ऐन,२०१९को दफा २४ क र अ.वं.११८(२) बमोजिम प्रतिवादी मिलन ढुगांनलाई थुनामा राखी प्रस्तुत मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयबाट मिति २०७१।२।२७ मा भएको थुनछेक आदेश ।

(१४) मिति २०७०।१।६ गते प्रतिवादी सृर्जना घिमिरे(ढुगांना)को साथबाट होममेड सिक्सर रिभल्वर थान १ वरामद भएको ठीक साचो हो,वरामदी मुचुल्काको सहीछाप मेरौ हो उक्त मितिमा सुराकीले दिएको सूचनाका आधारमा निज प्रतिवादी सृर्जना घिमिरे(ढुगांना)लाई उक्त हतियार सहित पक्राउ गरेको हो, उक्त समयमा अरु को को थिए थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला प्रहरी प्रतिवेदक प्र.स.नि.वालकृष्ण सन्जेलले गरेको वकपत्र ।

(१५) मैले प्रतिवादी मिलन ढुगांना र सृर्जना घिमिरे (ढुगांना) धेरै पहिले देखिको नै चिनजानका हुन र निजहरुको चालचलन चरित्र तथा व्यवहार अत्यन्त राम्रो,सहयोगी र मिलनसार छ । निजहरु ज्याला मजदुरी गर्ने मानिस हुन,निजहरु सिधासादा हुन,सोझ्रो पनको फाइदा उठाएर अन्य व्यक्तिले फसाएका हुन भन्ने समेतको व्यहोरा प्रतिवादीका साक्षी सुमित्रा घिमिरेले यस कार्यालयमा गरेको वकपत्र ।

## यस कार्यालयको ठहर

(१६) नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान जिल्ला न्यायाधिवक्ता कृष्णजंग शाह र प्रतिवादीहरुका तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्धय सन्तोष नेपाल र सुभाष कुमार द्धिवेदीले गर्नु भएको बहस सुनियो ।

मिति २०७०।१।६ गते १६.३० बजेको समयमा काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं. ३५ काँडाघारीमा प्रतिवादी सृर्जना घिमिरे(ढुगांना)को साथबाट होममेड सिक्सर रिभल्वर थान १ वरामद भएको वरामदी मुचुल्का र सो रिभल्वर अन्य मुद्दाको सिलसिलामा थुनामा रहेका निजका पति मिलन ढुगांनाले घरवाट अन्यत्र लगी लुकाउन अराएको पुष्टि भएकाले प्रतिवादीहरु सृर्जना घिमिरे (ढुगांना) र मिलन ढुगांनालाई **हातहतियार खरखजाना ऐन,**२०१९ को दफा ३(२),४(२) र ५(१)को कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद रिभल्वर ऐ. दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

अब मिसिल संलग्न कागजात अध्ययन गरी निर्णयतर्फ विचार गर्दा मिति २०७०/१/६ गते प्रतिवादी सृर्जना घिमिरे (ढुगांना)को साथबाट रिभल्वर थान १ वरामद भएको र सो मुचुल्काको रोहवरमा यी प्रतिवादी सिर्जनाले सहीछाप गरेको देखिन्छ । अनुसन्धानको क्रममा यी प्रतिवादीले उक्त हतियार श्रीमानले घरमा ल्याई राखेको र पछि निजका साथीले फोन गरी लुकाउन ल्याई दिनु भनेकाले साथमा लिई काँडाघारीमा जादाँ पक्राउ परेको भनी वयानमा खुलाएको देखिन्छ । अर्का प्रतिवादी मिलन ढुगांनाले अन्य व्यक्तिले हतियार आफुलाई दिएको र मैले घरमा लुकाएको अवस्थामा श्रीमतीले अन्यत्र स्थानमा लुकाउन लैजाने क्रममा प्रहरीले फेला पारेको भनी अनुसन्धानको क्रममा वयान गरेका रहेछन् । यस कार्यालय समक्षको वयानमा प्रतिवादी सृर्जनाले एक जना निखिल नाम गरेका व्यक्ति डेरामा

आई आफुलाई मिलनले हतियार लिन पठाएको भनी सिढी मुनी खोजतलास गरी पेस्तोल फेला पारेको र चिया पसलसम्म सगैं जाँउ भनेकाले सँगै जाँदा निजले हतियार प्रहरीलाई दिई आफुलाई प्रहरीले पक्राउ गरेको भनी कसूरमा आंशिक साविती रहेको देखिन्छ । अर्का प्रतिवादी मिलन ढुगांनाले यस कार्यालय समक्षको वयानमा आफुलाई हतियार सम्वन्धमा केही थाहा नभएको, प्रहरीमा भएको वयान आस र त्रासमा भएको भनी इन्कारी वयान गरेको देखिदा यी दुवै प्रतिवादीहरुको वयान एक आपसमा वाझिन आयो । वरामद भएको हतियार स्थानीय स्तरमा वनेको रिभल्वर भएको र चालु अवस्थामा रहेको भन्ने हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न देखिंदा वरामद भएको चिजबस्तु हातहतियार नै हो भन्ने तथ्यमा विवाद रहेन । प्रहरी प्रतिवेदक प्र.स.नि. बालकृष्ण सन्जेलले प्रतिवादी सूर्जना घिमिरे(ढुगांना)को साथबाट रिभल्वर वरामद भएको हो भनी यस कार्यालयमा उपस्थित भई वकपत्र गरी थप पुष्ट्याई गरेको देखिन्छ । प्रतिवादीका साक्षी सुमित्रा घिमिरेले यस कार्यालय समक्षको वकपत्रमा प्रतिवादीहरुको आर्थिक अवस्था र चरित्र सम्वन्धमा खुलाएता पनि मुद्दाको तथ्य र प्रतिवादीहरु निर्दोष रहेको ठोस सबूत खुलाउन सकेको देखिएन । अत: माथि उल्लेखित वरादमी मुचुल्का, प्रतिवादहरुले अनुसन्धानको क्रममा गरेको वयान, यस कार्यालयमा गरेको एक आपसमा बाझिने वयान, हतियार परीक्षण प्रतिवेदन, प्रहरी प्रतिवेदकको वकपत्र समेतका आधारमा प्रतिवादी मिलन ढुंगानाले रिभल्वर थान १ घरमा ल्याई लुकाएको, आफु पक्राउमा परेपछि घरमा खानतलासी हुने डरले रिभल्वर अन्यत्र लुकाउन साथीलाई खटाई पठाएको र अर्का प्रतिवादी श्रीमती सूर्जना घिमिरे(ढुगांना)ले हतियार अन्यत्र लुकाउने प्रयोजनको लागि लैजादै गर्दा पक्राउ परेको तथ्य स्पष्ट हुन आयो । तसर्थ प्रतिवादीहरु मिलन ढुगांना र सिर्जना घिमिरे (ढुंगाना)ले हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२),४(२) र ५(१) बमोजिम विना लाइसेन्स हातहतियार ल्याउने लैजाने, साथमा लिई हिड्ने र साथमा राख्ने कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादीहरु मिलन ढुंगाना र सिर्जना घिमिरे (ढुंगाना) लाई ऐ. दफा २०(२) बमोजिम जनही ३(तीन) वर्ष कैद हुन्छ । वरामद भई आएको रिभल्वर थान १ ऐ.दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं.१८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

**तपसिल**

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु मिलन ढुगांना र सिर्जना घिमिरे (ढुंगाना)लाई जनही ३ (तीन) वर्ष कैद हुने ठहरेकोले प्रतिवादी सूर्जना घिमिरे (ढुगांना) मिति २०७०।१।६गते पक्राउ परी सोही मितिमा खानतलासी वरामदी मुचुल्का भई मुद्दाको उठान भएको देखिदा सोही मितिबाट गणना हुने गरी प्रतिवादी सूर्जना घिमिरे (ढुगांना) र मिलन ढुगांनालाई हिरासतमा बसेको अवधिको गणना गरी नियमानुसार कैदीपूर्जि दिनू ........................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु........................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी सूर्जना घिमिरे (ढुगांना) र मिलन ढुगांनालाई पुनरावेदन म्याद दिनू......... ३

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .................. ..........४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम लेख्ने
ना.सु.परशुराम थापा

..................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल आश्विन ६ गते रोज २ शुभम् .......................